आज मिति २०८२/०४/०५ गते यस निस्दी गाउँपालिकाको ८९ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. शि. प्रशासकीय अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

**मिति २०८२। ०४।०५ गते बसेको निस्दी गाउँपालिकाको ८९ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ . रिपोटिङ्ग सम्वन्धमा ।

२. करार म्याद थप सम्वन्धमा ।

३. विविध ।

## मिति २०८२। ०४।०५ गते बसेको निस्दी गाउँपालिकाको ८९ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१.प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिका गाउँकार्यपालिकाकव कार्यालय मातहत रहेका सबै करार कर्मचारीको करार म्याद मिति २०८२/०४/०१ गते देखि लागू हुने गरी २०८२ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो । साथै संघिय तथा प्रादेशिक करार दरवन्दीको करार म्याद १ बर्षको हुने भएकोले २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो । वडा नं ३ को प्राविधिक श्री फकेर आलम र रोजगार प्राविधिक श्री हिमाल सुनारको करार म्याद मिति २०८२/०४/१ देखी लागू हुने गरी २ महिना थप गर्ने सर्वसम्मत निर्णय गरीयो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) लेन्थ मेनको अन्तरवार्ता परिक्षा देहाय अनुसार संचालन गर्ने निर्णय गरियो ।

| क्र स | वडा कार्यालयको नाम | अन्तरवार्ता मिति | कैफियत |
|---|---|---|---|
| १ | वाकामलाङ | २०८२/०४/१५ गते | |
| २ | सहलकोट | २०८२/०४/१२ गते | |
| ३ | झिरुवास | २०८२/०४/१२ गते | |
| ४ | मित्याल | २०८२/०४/१२ गते | |
| ५ | गल्धा | २०८२/०४/१४ गते | |
| ६ | अर्चले | २०८२/०४/१४ गते | |
| ७ | ज्यामिरे | २०८२/०४/१४ गते | |

ख ) गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत प्रशासनिक तथा प्राविधिक शाखा प्रमुख तथा फिल्ड कर्मचारी लाई मासिक ईन्धन १५ लिटर र मर्मत खर्च बार्षिक रु १५ हजार उपलब्ध गराउने साथै यस कार्यालयको २ वटा जिप तथा व्याकहोलोडरको लागी आवश्यकताको आधारमा ईन्धन र मर्मत खर्च उपलब्ध गराउने निर्णय गरियो ।

ग )सम्पूर्ण वडा कार्यलयको बार्षिक प्रगति समिक्षा मिति २०८२/०४/२० गते सम्ममा सम्पन्न गर्ने र यस कार्यक्रमको लागि उपस्थिति खाजा खर्च प्रति सहभागी रु १०० बिविध खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

घ ) कालीगण्डकी क्षेत्रको नदिजन्य पदार्थ उत्खनन् गर्न आ ई ई को प्रकृया अगाडी वढाउन गाउँकार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

मुक्त बहादुर सारु
अध्यक्ष

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत